# प्रेस विज्ञप्ति

सन् २०१६ को वसन्त ऋतुमा भारतीय नागरिक Mr. Narendra Singh र Ms. Seema Rani ले सगरमाथाको सफल आरोहण गरेको भनी झुठा विवरण पेश गरी प्राप्त गरेको भनिएको पर्वतारोहण प्रमाण पत्रका सम्बन्धमा यस मन्त्रालयबाट गरिएको छानविनको निष्कर्षबाट निज भारतीय नागरिकहरु Mr. Narendra Singh र Ms. Seema Rani ले पर्वतारोहण सम्वन्धी नियमावली, २०५९ को नियम ३३ वमोजिमको शर्त पुरा नगरी पर्वतारोहण प्रमाण पत्र लिएको देखिंदा उक्त पर्वतारोहण प्रमाण पत्र रद्ध गर्ने, निजहरुलाई पर्यटन ऐन, २०३५ को दफा ३८ वमोजिम सगरमाथा हिमाल आरोहण गरिएको भनेको सन् २०१६ मे २० तारेखका दिनदेखि छ बर्ष सम्म पर्वतारोहण गर्न नपाउने गरी प्रतिवन्ध लगाउने, आरोहण दलका नेता भारतीय नागरिक Naba Kumar Phukon लाई पर्यटन ऐन, २०३५ को दफा ३८ वमोजिम सगरमाथा हिमाल आरोहण गरिएको भनेको सन् २०१६ मे २० तारेखका दिन देखि छ बर्ष सम्म पर्वतारोहण गर्न नपाउने गरी प्रतिवन्ध लगाउने, पर्वतारोहण सम्वन्धी प्रवन्ध मिलाउने संस्था Seven Summit Treks Pvt. Ltd. लाई पर्यटन ऐन, २०३५ को दफा ३८ वमोजिम पचास हजार रुपैयाँ जरिवाना गर्ने, सम्पर्क अधिकृतका रुपमा खटिएका पवन कुमार घिमिरेका हकमा निजले पर्वतारोहण सम्वन्धी नियमावली, २०५९ को नियम ९ वमोजिमको कर्तव्य पूरा नगरेको एवं निजामति सेवा ऐन, २०४९ को दफा ५५क वमोजिमको कसुरमा निजलाई चेतावनी दिने र सगरमाथा आरोहण नगरेका निज Mr. Narendra Singh ले सन् २०१६ मे २० तारिखका दिन सगरमाथा आरोहण गरेका हुन भनी मिति २०७७।९।९ मा झुट्टा कागज गरिदिने क्लाईम्बिङ्ग सहयोगी शेर्पा (HAW) ङा दावा शेर्पालाई दश हजार रुपैयाँ जरिवाना गर्ने गरी यस मन्त्रालयबाट मिति २०७७।१०।२६ मा निर्णय भएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि अनुरोध छ।

तारानाथ अधीकारी

सहसचिव एवं प्रबक्ता

संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय